# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
### कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मिति: २०८०/०८/१४

**BCA कार्यक्रम अन्तर्गत दोस्रो सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन फाराम भर्ने म्याद थप सम्बन्धी सूचना!**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२२ को **दोस्रो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षाका निमित्त अनलाइन फाराम भर्ने म्याद २०८० साल मङ्सिर १४ गतेसम्म रहेकामा २०८० साल पौष १२ गतेसम्म थप गरिएको व्यहोरा सम्वन्धित सबैका लागि जानकारी गराइन्छ । साथै, उक्त सेमेस्टरको सत्रान्त परीक्षा भने २०८० साल पौष अन्तिम हप्ताबाट सञ्चालन गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन आवेदन फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरूको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८० साल पौष १२ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८० साल पौष १५ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले रू. २,०००/- (अक्षरेपी रू. दुई हजार मात्र) । विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्ने छ ।

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

CamScanner